महाशिला गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनमा
२०८२ आषाढ १० गते मंगलबार उपाध्यक्ष श्री धनसुवा वि.क. ज्यूले
प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

महाशिला गाउँपालिका
बालाकोट, पर्वत
२०८२

## महाशिला गाउँपालिकाको आ.व. २०८२/८३ को व्यय र आयको अनुमान

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

१. महाशिला गाउँपालिकाको दोश्रो गाउँसभाको तेश्रो बजेट सभा तथा १८ औं गाउँसभामा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु ।

२. यस अवसरमा संघीय गणतन्त्रात्मक राज्य व्यवस्थाको निर्माणका लागि विभिन्न समय र परिस्थितीमा जीवन उत्सर्ग गर्नुहुने वीर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । संघीयतामूलक राजनैतिक व्यवस्था स्थापनाका लागि योगदान गर्नुहुने सम्पूर्ण राजनीतिक दलका नेताप्रति सम्मान प्रकट गर्दछु ।

३. समृद्ध नेपालः सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि स्थानीय तहले आफ्नो सामर्थ्यले सार्वजनिक सेवा प्रवाह तथा विकासात्मक र सामाजिक सुरक्षामूलक कार्यक्रमहरुमार्फत योगदान दिंदै आएका छन । यस स्थानीय तहले उक्त राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि अख्तियार गरेका नीति तथा कार्यक्रमहरुले स्थानीय स्तरबाट संघीयताको मर्मको यथोचित सम्बोधन गरेको अनुभूत गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

४. समानता तथा समतामूलक र न्यायपूर्ण समाजको स्थापना हाम्रो उद्देश्य हो । स्थानीय सरकारप्रति नागरिकले अपनत्व, ममत्व र स्वामित्व अनुभूति गर्ने गरी गाउँसभाबाट निर्धारित वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनले स्थानीय सरकारप्रति आम नागरिकको विश्वाश कायम भएको छ । सिमीत स्रोत साधनका बाबजूद व्यवस्थापकीय कार्यकौशलताका कारण हाम्रा कार्यक्रमहरु नगरिककेन्द्रित रहेका र नागरिकको सुख र खुशी सिर्जना गर्न सफल भएका अनुभवहरु छन ।

५. थैलीबाट विनियोजन गर्नुपर्ने हाम्रा स्रोत साधनहरु विविध कारणले संकुचितरुपबाट निसृत गर्नुपरेको छ । समाजवादउन्मुख अर्थतन्त्रको निर्माणका लागि गर्नुपर्ने कार्यहरु न्यून मात्राको स्रोतका कारण अपेक्षा बमोजिम कार्यान्वयन गर्न सकिएको छैन । आन्तरिक आयको अत्यन्त सिमितता र समानिकरण अनुदान प्राप्तिमा हुने नीतिगत समस्याका कारण आर्थिक स्रोतहरु परिचालन गर्न अन्य स्थानीय तहलाई जस्तै कठिन महशुश भएको छ । तापनि, सिमितताभित्र रहेर यथासम्भव प्रयास हुँदै आएको व्यहोरा यस सभालाई अवगत गराउँछु ।

६. अब म हामीसँग रहेका चुनौतीहरुका सम्बन्धमा चर्चा गर्ने अनुमति चाहन्छु ।

(क) परम्परागत कृषि प्रणालीमा सुधार गर्न र निर्वाहमुखी कृषि अर्थतन्त्रलाई व्यावसायिकरुपमा रुपान्तरण गर्न नसक्दा कृषि उत्पादनमार्फत आर्थिक समुन्नति गर्न कठिन रहेको छ ।

(ख) कठिन भौगोलिक अवस्थाका कारण पूर्वाधार निर्माण कार्यका लागि आवश्यक स्रोतहरुको व्यवस्थापनमा देखा परेको समस्याका कारण पूर्वाधार निर्माण तथा विकास र दिगोपना कायम गर्न अठिनाइ उत्पन्न भएको छ ।

(ग) वैदेशिक रोजगार र बसाइसराइका कारण श्रम र सीपयुक्त युवा जनशक्तिको अभावका कारण आय, उत्पादन र रोजगारीको त्रिकोण समायोजन गर्न सकिएको छैन।

(घ) राजस्वका दायराहरुको पहिचान गर्ने कार्यलाई क्रमशः विस्तार गरिंदै लगेको भए तापनि प्राकृतिक स्रोत साधनहरुबाट प्राप्त गर्न सकिने राजस्वको प्राप्ति सम्भावना अत्यन्त न्यून रहेको छ ।

(ङ) सार्वजनिक सेवालाई आनुपातिकरुपमा चुस्त र सक्षम बनाउँदै लगिएको भए तापनि पूर्णरुपमा समर्पित बनाउन सक्षमता विकास गर्नुपर्ने देखिएको छ ।

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु**

७. हामीसामु प्रस्तुत भएका चुनौतीहरुलाई सम्बोधन गर्दै हाम्रो महाशिलाः राम्रो महाशिला बनाउने अठोटका लागि आगामी बजेटले निम्न विषयहरुलाई थप सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

(क) व्यावसायउन्मुख कृषि अर्थतन्त्रको विकास मार्फत कृषि मार्फत आय र उत्पादन वृद्धि गर्दै नागरिक सुख र खुशी निर्माण गरिनेछ ।

(ख) स्थानीय रोजगारीका अवसरहरुको वृद्धि गरी रोजगारीका कारण हुने बसाइसराइलाई न्यून गरिनेछ ।

(ग) शैक्षिक गुणस्तरमा अभिवृद्धि गरी अन्तर स्थानीय तह शैक्षिक गुणस्तरीयता प्रतिस्पर्धा कायम गरिनेछ

(घ) राजस्वका नयाँ क्षेत्रहरुको पहिचान गरी स्रोतहरुको आय जोड गरिनेछ ।

(ङ) सार्वजनिक सेवालाई थप नागरिकमैत्री र प्रतिबद्ध प्रशासनको विकास गरिनेछ ।

८. प्रस्तुत चुनौती र प्रतिबद्धताका आधारमा रही आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटले निम्न उद्देश्य तय गरेको छ ।

(क) कृषि उत्पादनमा वृद्धि गर्ने ।

(ख) शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

(ग) उद्यमशीलता विकास मार्फत आय, उत्पादन र रोजगारीका सम्भाव्यता विकास गर्ने ।

(घ) सामाजिक सुरक्षा र संरक्षणलाई स्थानीय तहका कार्यक्रमसँग सामञ्जस्यता कायम गर्ने ।

(ङ) गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्ने ।

९. बजेटका प्राथमिकता देहाय बमोजिम रहेका छन ।

(क) बाँझो जग्गाको उपयोग र श्रमजीवी संस्कृतिको विकास ।

(ख) गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी ।

(ग) शैक्षिक गुणस्तरमा लगानी ।

(घ) सामाजिक क्षेत्रमा गुणात्मक विकास ।

(ङ) समता र समानता तथा न्यायपूर्ण समाजको स्थापना ।

१०. अब म आर्थिक वर्ष २०८१/८२ को ११ महिनाको आय र व्ययको अवस्थासम्बन्धि विवरण पेश गर्दछु ।

(क) आर्थिक वर्ष २०८१/८२ मा संघीय समानिकरण अनुदानमार्फत रु. ७ करोड ११ लाख .प्राप्त हुनुपर्नेमा उक्त अवधिसम्म ९१.७६ प्रतिशत अर्थात रु. ६ करोड ५२ लाख ४१ ह्जार ३६० प्राप्त भएको छ। राजश्व बाँडफाँटबाट प्राप्त हुनुपर्ने कूल रकम रु. ५ करोड ८६ लाख ८ हजार मध्ये ७८.०६ प्रतिशतले हुन आउने रकम रु. ४ करोड ५७ लाख ५२ हजार ४६३ र पैसा ९५ प्राप्ति भएको छ । आन्तरिक आयतर्फ रु.४ करोड ९७ लाख अनुमान गरिएकोमा रु. २ करोड ५ लाख ६८ हजार ७४५ र पैसा ३३ आय प्राप्त हुन आएको छ ।

(ख) कूल बजेट रकम रु. ४० करोड ३३ लाख ७५ हजार मध्ये ज्येष्ठ मसान्तसम्म कूल रु. २२ करोड ६३ लाख ४४ हजार ८२८ र पैसा ९९ खर्च भएको छ, जुन कूल बजेटको ५६.११ प्रतिशत हो । यसमध्ये चालूतर्फ रु.१९ करोड १५ लाख ८६ हजार ६६४

र पैसा १५ र पूँजिगततर्फ रु. ३ करोड ४७ लाख ५८ हजार १६४ र पैसा ८४ खर्च भएको छ। चालू आर्थिक  वर्षको अन्त्यसम्म ६७.९० प्रतिशत खर्च हुने अनुमान गरेको छु।

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

अब म बजेटका क्षेत्रगत कार्यक्रम र विनियोजनको विवरण पेश गर्दछु।

**कृषि क्षेत्र**

११. बढ्दो बसाइसराइ र श्रमयुक्त नागरिकको अभावका कारण बाँझो रहेको स्थानीय तहभित्रको जग्गामा गाउँपालिकामार्फत कृषि कार्यको सुरुवात गरिनेछ। कृषकहरुको कृषिजन्य उत्पादनको बजारीकरण कार्यका लागि प्रत्यक्ष बजार व्यवस्थापनसम्बन्धि कार्यक्रम सुरुवात गरिनेछ। उन्नत जातको गाइपालन कार्यक्रमका लागि कृषकलाई प्रोत्साहन गर्न अनुदान प्रदान गरिनेछ। महाशिला दूध उत्पादन अभियानका लागि रु. १० लाख अनुदान दिने गरी बजेट विनियोजन गरेको छु। चालू आर्थिक वर्षदेखि सुरु भएको उत्पादन अभियान कार्यक्रमका लागि रु. २० लाख विनियोजन गरेको छु।

१२. प्राङ्गारिक खेती प्रणालीको दीगोपना कायम गर्न प्राङ्गारिक मल उत्पादन गर्ने कार्यक्रम सुरुवात गरिनेछ। व्यावसायिकरुपमा कृषि कार्य गर्ने फर्मलाई प्रोत्साहन गर्न आगामी आर्थिक वर्षदेखी त्यस्ता फर्मले वित्तीय संस्थाबाट लिएको कृषि ऋणमा ब्याज अनुदान दिने कार्यका लागि कानूनी व्यवस्था गरिनेछ। टोल टोलमा नर्सरी: घर घरमा करेसाबारी कार्यक्रम सञ्चालन गरिनेछ।

१३. आगामी आर्थिक वर्षमा कम्तिमा १ वटा वडालाई फूलको वडाको रुपमा स्थापना गर्न पुष्प खेती कार्यक्रम सञ्चालन गरिनेछ।

१४. रैथाने बाली र पशुहरुको खेती तथा पालनलाई प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१५. उत्पादित कृषि वस्तुहरुको भण्डारणका लागि आगामी आर्थिक वर्षमा कोल्डरुम निर्माण गरिनेछ।

१६. काष्ठफल तथा फलफूलमा दिँदै आएको ५० प्रतिशत अनुदान र कृषि औजारमा ५० प्रतिशत अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु। सो का लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु।

१५. लिमि पाराकोटे भैंसीको भैंसी सुत्केरी भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिएको छु।

१६. गाउँपालिकाभित्र रहेका गाई भैंसीहरुको लगत संकलनका साथै स्वतः तथ्यांक अद्यावधिक हुने व्यवस्था मिलाएको छु ।

**शिक्षा क्षेत्र**

१७. शैक्षिक स्तर वृद्धिका लागि प्रभावकारी सिद्ध भएको दिवा आवासीय विद्यालय कार्यक्रमलाई सबै वडामा रहेका विद्यालयहरुसम्म पुग्ने गरी आवश्यक व्यवस्था मिलाएको छु । यसका लागि रु. १ करोड विनियोजन गरेको छु । विद्यालय फूलवारी कार्यक्रम सुरुवात गरिनेछ । विद्यालयसँगै सिप विकास कार्यक्रम तथा विद्यार्थी पेवा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

१८. सबै विद्यालयहरुमा सवारीसाधन सञ्चालनका लागि सहुलियत दिने कार्यका लागि प्रति विद्यालय एक मोटरसाइकको इन्धन र मर्मत खर्चका लागि रु ९ लाख ३६ हजार विनियोजन गरेको छु ।

१९. विपन्न नागरिक लक्षित उच्च शिक्षा अध्ययनमा छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु ।

२०. शैक्षिक संस्थाहरुको शैक्षिक क्रियाकलापलाई गाउँपालिकाको केन्द्रदेखि प्रविधिमा आधारित अनुगमन प्रणाली विकासका लागि रु ९० लाख बजेट व्यवस्था गरेको छु ।

**स्वास्थ्य क्षेत्र**

२१. नागरिकको स्वास्थ्य संवेदनशीलतालाई ध्यान दिंदै निःशुल्क स्वास्थय शिविरको संचालन गरिनेछ । घरघरमा स्वास्थ्यकर्मीको पहुँच पुऱ्याई स्वास्थ्य चेकजाँचका लागि **नागरिकको स्वास्थ्यसँग जनप्रतिनिधीको दायित्व** सम्बोधन गर्न **ल्याब इन ब्याग** कार्यक्रम सुरुवात गरिनेछ ।

२२. स्वास्थ्य उपचारमा आथिृक दायित्व न्यून गर्न र नागरिक स्वास्थ्य पहुँच स्थापनाका लागि आगामी आर्थिक वर्षदेखि स्वास्थ्य बीमा कार्यक्रम सुरुवात गरिनेछ । महाशिला आधारभूत अस्पताललाई यसको पहिलो सेवा प्रदायक केन्द्रबिन्दूको रुपमा विकास गरिनेछ । गरिब परिवार पहिचानका लागि आधार पुगेका परिवार र महिला स्वास्थ्य स्वयंसेविकाको स्वास्थ्य बीमावापतको रकम भुक्तानीमा पचास प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने व्यवस्था मिलाएको छु । स्वास्थ्य बीमा कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि रु. १० लाख विनियोजन गरेको छु ।

२३. विद्यालयमा विद्यार्थी चेकजाँच कार्यक्रम सुरुवात गरिनेछ ।

**सामाजिक क्षेत्र**

२४. महिला र दलित लक्षित विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ । न्यायिक समितिको क्षमता विकास गरिनेछ । स्थानीय समुदाय लक्षित कानूनी सचेतनामूलक कार्यक्रम कार्यान्वयन गरिनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. स्वधर्म, संस्कृति र असल संस्कार सिकाइ तथा अन्तरपुस्ता हस्तान्तरणको कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. मगर र गुरुङ्ग जातिको लिपी तथा भाषा संरक्षण तथा सिकाइका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२७. समुदायमा रहेका ज्येष्ठ नागरिकहरुको अनुभव, दन्त्य प्रसंगहरुको पुस्तान्तरण लगायत कार्यका लागि ज्येष्ठ नागरिक अनुभव संग्रह गर्ने कार्यका लागि old citizen audio bank स्थापना गरिनेछ ।

२८. सामाजिक सद्भाव र असल आचरणयुक्त समाजको स्थापनाका लागि लागूऔषध दुर्व्यसन, मदिराव्यसन, जुवातास जस्ता विकृति नियन्त्रणका लागि टोल विकास संस्थाहरुमार्फत कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२९. स्थानीय कला, साहित्यको प्रबर्द्धनका लागि **महाशिला कला कार्यक्रम** सञ्चालन हुने व्यवस्था मिलाएको छु ।

३०. महाशिला भेटी कार्यक्रम र गाउँफर्क प्याराप्यारी अभियानलाई निरन्तरता दिएको छु ।

**वन, वातावरण तथा विपद क्षेत्र**

३१. गाउँपालिकाभित्र रहेका मुख्य सडकहरुको किनारामा फूल फूल्ने बिरुवा रोपण गर्ने कार्यक्रम सञ्चालन गरी **फूलमय ग्रामिण सडक** कार्यक्रम सुरुवात गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३२. एक वडाः एक पोखरी कार्यक्रम सञ्चालन गरिनेछ । परम्परागत चौपारीहरुको निर्माण र डहरहरुको संरक्षण तथा पुनरुत्थानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३३. विपद व्यवस्थापनका लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु ।

## सुशासन तथा सार्वजनिक सेवा क्षेत्र

३४. सार्वजनिक सेवामा खट्ने राष्ट्रसेवक कर्मचारीको प्रोत्साहनका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली सुरु गर्नका लागि रु ६ लाख विनियोजन गरेको छु। सबै राष्ट्रसेवक कर्मचारीलाई अनिवार्यरुपमा सामाजिक सुरक्षा कोष कार्यक्रममा आबद्ध गर्ने व्यवस्था मिलाएको छु।

३५. तोकिएको समयमा कार्यसम्पादन नगर्ने कर्मचारी, कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई तत्काल उचित कारबाही गर्न सक्ने व्यवस्था मिलाएको छु।

३६. उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी र शिक्षकलाई पुरस्कार तथा सम्मान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## पूर्वाधार क्षेत्र

३७. पैयूँकोट पर्यटन विकास कार्यका लागि प्रदेश सरकारको विशेष अनुदानमा सञ्चालन हुने गरी रु ४० लाख बजेटको व्यवस्था मिलाएको छु। महाशिला शिला क्षेत्रमा पूर्वाधार निर्माण कार्यका लागि संघीय सरकारको विशेष अनुदानमा सञ्चालन हुने गरी रु २ करोड ५० लाख, घण्टे फलामखानी लुँखु सडक र अगुवा होश्रँङ्गदी पैयूभञ्ज्याङ्ग गडि जम्पुर शुभद्रिखर्क सडक निर्माणका लागि संघीय सरकारको समपूरक अनुदानमा सञ्चालन हुने गरी क्रमशः १ करोड र १ करोड ४० लाखको बजेट व्यवस्था मिलाएको छु। प्रदेश सरकारको समपूरक अनुदानमा सञ्चालन हुने गरी बालाकोट होश्राङ्गी सडक स्तरोन्नतिका लागि  ६० लाखको बजेट व्यवस्था मिलाएको छु। समपूरक अनुदानमा सञ्चालन हुने योजनाहरुको लागि स्थानीय तहबाट रु. २ करोड ४ लाख विनियोजन गरेको छु।

३८. महाशिला स्वयंसेवक कार्यक्रम अन्तर्गत निर्माण क्षेत्रका लागि रु. १ करोड पचास लाख विनियोजन गरेको छु।

३९. गाउँपालिकाको नयाँ कार्यालय भवनमा फूलवारी निर्माण गर्न रु १० लाख विनियोजन गरेको छु।

## गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

४०. आगामी आर्थिक वर्षका लागि कूल खर्च **रु ४५ करोड ४५ लाख ४५ हजार ५ सय ४५** विनियोजन गरेको छु ।

४१. आगामी आर्थिक वर्षका लागि खर्च व्यहोर्ने श्रोतमध्ये संघीय सरकारमार्फत सशर्त अनुदानतर्फ रु १८ करोड २७ लाख, समपूरक अनुदानतर्फ रु २ करोड ४० लाख, विशेष अनुदानतर्फ रु ३ करोड ४० लाख र समानीकरण अनुदानतर्फ रु ७ करोड १२ लाख र राजश्व बाँडफाटतर्फबाट रु ५ करोड ६८ लाख ५३ हजार ६८८ प्राप्त हुने अनुमान गरेको छु । यस्तै, गण्डकी प्रदेश सरकारबाट समपूरक अनुदानतर्फ रु ६० लाख र विशेष अनुदानतर्फ रु ४० लाख प्राप्त हुने अनुमान गरेको छु। प्रदेश सरकारबाट समानिकरण अनुदानतर्फ रु ७५ लाख १३ हजार र राजश्व बाँडफाटतर्फ रु ६१ लाख ३ हजार प्राप्त हुने अनुमान गरेको छु । संघीय सरकारबाट प्राप्त हुनुपर्ने बाँकी रकम तथा प्रदेश सरकारबाट प्राप्ति हुन सम्भाव्य देखिएको समेत समावेश गरी आन्तरिक आयतर्फ ३ करोड २६ लाख ९५ हजार प्राप्त हुने अनुमान गरेको छु । यसबाट न्यून हुन आउने रकम रु २ करोड ९७ लाख ८० हजार ८५७ गत बर्षको नगद मौज्दात रहने अनुमान गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८२/८३ का लागि राजश्व (आन्तरिक आय) को प्राप्तिका लागि कार्यक्रम प्रस्तुत गर्दछु ।

४२. चालू आर्थिक वर्षका लागि निर्धारित राजस्वका दरहरुमा सामान्य हेरफेर गरेको छु ।

४३. आगामी आर्थिक वर्षमा राजस्वका नयाँ क्षेत्रहरु पहिचान गरी त्यस्तो राजस्व संकलन गर्ने कार्यका लागि गाउँसभाका सदस्यहरु प्रत्यक्ष जिम्मेवार हुने र राष्ट्रसेवक कर्मचारीहरुको पूर्ण लगाव रहने प्रणालीको व्यवस्था गरेको छु ।

४४. कार्यालयहरुबाट चलानी हुने सिफारिश सम्बन्धि कागजातहरुमा आम्दानी रसिद नं. अनिवार्यरुपमा उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छु। रसिद नं. उल्लेख नभएका सिफारिश कागजातहरुलाई मान्यता दिइनेछैन ।

४५. राजस्व प्राप्तिका लागि क्षेत्रगत अनुमान साथै पेश भएको आर्थिक विधेयकमा संलग्न गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

**अन्त्यमा,**

४६. आगामी आर्थिक वर्ष २०८२/८३ का लागि पेश भएको प्रस्तुत बजेटले समृद्ध महाशिलाको आधार सिर्जना गर्ने कुरामा विश्वस्त रहेको छु ।

४७. यो बजेट निर्माण गर्ने कार्यमा मार्गदर्शन, सुझाव र सहयोग गर्नुहुने श्रद्धेय अध्यक्षज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, राजनैतिक दलका प्रतिनिधीहरु तथा राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक आधार प्रकट गर्दछु ।

**धन्यवाद !**

**धनसुवा वि.क.**
उपाध्यक्ष
महाशिला गाउँपालिका